# सिलीचोङ गाउँपालिका

SILICHONG RURAL MUNICIPALITY

गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

ताम्कु , संखुवासभा

TAMKU, SANKHUWASABHA

कोशी प्रदेश, नेपाल ।

KOSHI PROVINCE, NEPAL.


पत्र संख्या/FY: २०८०/०८१

चलानी नं./Ref. no. १३४२

मितिः २०८०/१२/२६

**सिलीचोङ गाउँपालिकाको आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) को स्थानीय पाठ्यक्रम निर्माणको लागि प्रस्तावना आह्वान सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) को स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने भएकोले ईच्छुक परामर्शदाता वा संघ-संस्थाहरूलाई यसै सूचना साथ संलग्न TOR अनुरूप प्रस्तावना तयार गरी सात दिनभित्र तपशिलमा उल्लेखित कागजातहरू सहित शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

१. निवेदन (ईमेल र मोवाइल नं. अनिवार्य खुलेको)

२. नेपाली नागरिकताको प्रतिलिपी

३. कम्पनी दर्ता प्रमाणपत्र

४. VAT,PAN दर्ता प्रमाणपत्र

५. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र

६. पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा अनुभव भएको हुनुपर्ने

थप जानकारीको सम्पर्क नं. ९८६७८१३८३०

श्री बालुनन्दन मेहता

प्रमुख प्रशासकीय अधिकृत


silichongrm@gmail.com https://www.silichongmun.gov.np/

# सिलीचोङ गाउँपालिका

SILICHONG RURAL MUNICIPALITY

गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

ताम्कु , संखुवासभा

TAMKU, SANKHUWASABHA

कोशी प्रदेश, नेपाल ।

KOSHI PROVINCE, NEPAL.


पत्र संख्या/FY: २०८०/०८१

चलानी नं./Ref. no.

**कार्यक्रमको नाम :- "सिलीचोङ गाँउपालिकाको आधारभूत (कक्षा ६ देखी ८) को स्थानीय पाठ्यक्रम निर्माण"**

## कार्यक्रमका लागि परामर्शदाता/संस्थाले गर्नुपर्ने कार्यहरुको विवरण

(Terms of References)

१. पृष्ठभुमी (Background):

नेपालमा सामुदायिक विद्यालयहरुको इतिहास धेरै लामो छ । सामुदायिक विद्यालयको माध्यामवाट नै ८० प्रतिशत भन्दा धेरै वालवालिकाहरुले आधारभुत शिक्षा प्राप्त गरेका छन् । त्यो शिक्षा प्राप्तको लागि पाठ्यक्रम आवश्यक पर्दछ । नेपाल संघीयतामा जानुपुर्व विद्यालय तहको सम्पुर्ण पाठ्यक्रम, पाठ्यक्रम विकास केन्द्रले तयार गरेर केन्द्र सरकारले नै पुस्तकहरू छपाई विद्यालयसम्म पुर्याइन्थ्यो । संघीयता सँगै स्थानीय सरकारले आधारभूत तहका लागि एउटा विषयमा आफ्नो भूगोल धर्म, सँस्कृति लगायतका विविध पक्ष झल्किने गरी स्थानीयताको जानकारी गराउन कक्षा ६ देखी ८ सम्मकालागि पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक तयार गरि पठनपाठन गर्ने अधिकार संविधानमा नै व्यवस्था गरेको छ ।

नेपालको प्रथम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमा शिक्षा सम्बन्धि मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु र प्राथमिकता क्षेत्रहरुमा उचित व्यवस्था गरिएको छ । नेपालको संविधानमा मौलिक हकको रुपमा शिक्षालाई अङ्गिकार गरिएको छ ।

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिस्चितता गरिएको छ । ती मौलिक हकहरु निम्नानुसार रहेका छन:

१. प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुने छ ।

३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन वमोजिम नि-शुल्क उच्च शिक्षा पाउने हक हुने छ ।

४. दृष्टी विहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा वोलाई सम्बन्धि अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्ययमवाट कानुन अनुसार निशुल्क शिक्षा पाउने हक हुने छ ।

५. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने छ ।

विश्वमा विद्यालय जाने उमेरका वालवालिकाहरुको संख्या झण्डै २५ प्रतिशत रहेको छ । नेपालमा विद्यालय शिक्षामा ८० प्रतिशत भन्दा बढि सरकारी लगानी रहेको शिक्षा मन्त्रालयका प्रतिवेदनहरुवाट जानकारी हुन्छ । यस सिलीचोङ गाँउपालिकाको धर्म सस्कृति, बातावरण, भूगोल, नदी-नाला, बनजंगल विविध पक्षमा अति सम्पन्न छ । ती विविध पक्षको जानकारी आधारभूत तहका विद्यार्थीमा पुऱ्याउन ढिला गर्नु हुदैन । तसर्थ संविधानले दिएको अधिकार प्रयोग गरि पाठ्यक्रम बनाएर सक्दो छिटो विद्यालयमा पुऱ्याउने मुख्य काम रहेको छ ।

२. उद्देश्यहरु

क) गाँउपालिकाको सम्पूर्णताको अध्ययन गर्ने ।

ख) समग्र पक्षलाई समेटेर कक्षा ६ देखी ८ सम्मको पाठ्यक्रम निर्माण गर्ने ।

३. परामर्शदाता/संस्थाले गर्नुपर्ने कार्यहरु :-

क.) निम्न वुदाँहरु समेटेर स्थानीय तहको पाठ्क्रम निर्माण गर्नुपर्नेछ ।

i. भूगोल,

ii. धर्म, सस्कृति, मठ-मन्दिर,

बन जंगल, वातावरण, खोला, नदि,

iv. खनिज,

V.जातजाति,

vi. पर्यटन

vii. आवश्यक थप सूचना लिने

viii. संकलित सूचनालाई उचित तवरले स्तरीय पाठ्यक्रम तयार गर्ने

ix तयारी पाठ्यकमलाई भाषा शुद्ध गरि पाठ्यक्रम पेश गर्ने

ख.) माथि उल्लेखित विषयवस्तुलाई निम्न खण्डमा पाठ्यक्रमको रूपमा प्रस्तुत गर्नुपर्नेछ :

- हाम्रो सिलीचोङ गाँउपालिका (परिचय)
- हाम्रो स्थानीय पेशा व्यवसाय र प्रविधि
- हाम्रो वातावरण र हरित विद्यालय
- हाम्रा सम्पदाहरू
- विशेष व्यक्ति र सस्थाको परिचय र योगदान

ग.) अन्य समावेश गरिनुपर्ने बुदाँहरूको हकमा सिलीचोङ गाँउपालिका, र परामर्शदाताको छलफलवाट आवश्यक देखिएमा केही बुदाँहरु थप गर्न सकिनेछ ।

**४. समयावधी :**

परामर्शदाता/संस्थाले यस गाँउपालिकासँग सम्झौता भएको मितिले कम्तीमा २ महिना भित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

**५. सस्था तथा टिमको अनुभव तथा शैक्षिकस्तरः-**

क. संस्था भ्याटमा रजिष्टर भएको हुनु पर्ने छ ।

ख. टिम लिडरको योग्यता स्नातोकोत्तर गरि कम्तीमा १० वर्ष विकास तथा उच्च शिक्षा क्षेत्रमा काम गरेको हुनु पर्ने छ ।

ग. पाठ्यक्रम निर्माण टिममा अनिवार्य २ जना पाठ्यक्रम निर्माण सम्बन्धि अनुभव भएको विज्ञ हुनु पर्ने छ ।

**६. संस्था**

२०८०।०८१ का लागि परामर्श कार्य गर्ने गरि गाँउपालिकामा सूचिकृत भएको प्रमाणपत्र पेश गर्नुपर्ने हुन्छ ।

**७. वुझाउनुपर्ने सामग्रीहरु कार्यक्रम सम्पन्न भए पश्चात निम्नानुसारका सामाग्रीहरु सिलीचोङ गाँउपालिका, कार्यपालिकाको कार्यलय ताम्कुमा बुझाउनु पर्नेछ ।**

क. गाँउपालिकाको लागि तयार गरेको आधारभूततह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम ८ प्रति प्रिन्टेड

ख. अध्ययनका लागि निर्माण गरिएका सामाग्री,

ग. अध्ययनका कममा खिचिएका फोटाहरु

घ. अध्ययनका लागि तयार गरिएका प्रश्नहरू

ङ. सम्झौता अनुसारको भ्याट विल

**८. परामर्शदाताले गर्नुपर्ने अन्य कार्यहरु :-**

- परामर्शदाताले यस गाँउपालिकासंग एक कार्य सम्झौता गर्नुपर्ने तथा सम्झौतामा उल्लेख भए वमोजिमका कार्यहरु गर्नुपर्नेछ ।
- माथि उल्लेखित विषयहरुमा परामर्शदाता (फर्म) र यस गाँउपालिका वीच केही बुदाँहरु आवश्यकतानुसार थपघट गर्नुपर्ने देखिएमा थपघट गर्न सकिनेछ ।
- माथि उल्लेख भए वाहेकमा अन्य कार्य शर्तहरु केही भए वा छुट भएको भए कार्यहरु
- सम्झौतापत्रमा उल्लेख गरिनेछ । यस कार्य विवरणमा लेखिएका कुराहरु प्रचलित ऐन/नियमसँग बाँझिएको हकमा प्रचलित ऐन/नियम अनुसार नै हुनेछ ।
- परामर्शदाता छनौट भए पश्चात सहकार्य कार्यविधि सहितको अध्ययन प्रगति प्रतिवेदन पेश गरि क्षेत्रगत अध्ययनमा जान रकम आवश्यक परेको निवेदन सहित रकम माग गरेका सम्झौताको ३० प्रतिशत रकम वा नियमानुसार कार्य सम्पन्न भएको र तोकिएको पाठ्यक्रम प्राप्त भए पछि पुरै रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।